


# जापानमा बसोबास गर्दा बैंक खाता खोल्ने तथा रकम स्थानान्तरण गर्ने तरिका




金融庁

ネパール語

# खाता खोल्ने तरिका

## बैंक खाता निम्न लिखित वित्तीय संस्थाहरुमा खोल्न सकिन्छ ।

| | | |
|---|---|---|
| बैंक | क्रेडिट युनियन(सिनकिन बैंक) | क्रेडिट संघ |
| जे ए बैंक | जे एफ मारिन बैंक | श्रमिक बैंक |

## बैंक खाता खोल्नलाई उदाहरणको रुपमा निम्न कागजातको आवश्यकता पर्दछ ।

(आवश्यक कागजातहरु वित्तीय संस्था अनुसार फरक हुन्छ। वित्तीय संस्था अनुसार धैरै या थोरै आवश्यक हुन सक्छ।)



रेजीडेन्ट कार्ड
राहदानी




हान्को छाप
(केही वित्तीय संस्थाहरुले हस्ताक्षरलाई स्विकारछन)



कर्मचारी परिचय पत्र वा विद्यार्थी परिचय पत्र
( नभएमा कम्पनी तथा विद्यालयका कर्मचारीसँगै बैंकमा जानुहोला। )

वित्तीय संस्थाले आफूले उपलब्ध गर्ने वस्तु/सेवा रकम सापटी या आतंकवादीको चन्दामा प्रयोग नहुने गरी अन्तराष्ट्रिय समाजको अपिल या कानूनको उद्धेश्यको पालना गर्नु आवश्यक छ।
यसको उपायको रुपमा खाता खोल्ने बेला तथा खाता खोलिसकेपछि पनि आवश्यकता अनुसार ग्राहकको जानकारी (ठेगाना या नाम, जापानमा बस्ने अवधि/भिसाको किसिम, जागिरको अवस्था आदि) प्रमाणिकरण गरिन्छ । प्रमाणिकरण नभएमा खाता खोल्न नमिल्ने या प्रयोग गर्न नमिलने हुन्छ ।



## निम्न लिखित अवस्थामा, आफनो खाता खोलेको वित्तीय संस्थामा सम्पर्क गर्नुहोला ।

- ✔ जपानमा बसेको ठेगाना तथा जापान बसाईको अवधि /भिसाको किसिम परिवर्तन भएमा
- ✔ चेक बुक तथा क्यास कार्ड हराएमा
- ✔ जागिर तथा विद्यालय छोडेमा
- ✔ स्वदेश फर्कने भएमा ( खाता बन्द गर्नुहोला।)




# विदेशमा पैसा पठाउने तरिका




- रेमिट्यान्सको उद्देश्य र विषयवस्तु बुझिने कागजातहरू आवश्यक पर्न सक्छ।
- पैसा पुग्न केही समय लाग्न सक्छ।

**वित्तीय सेवा विभागद्वारा अनुमति प्राप्त नगरेका बैंक वा कोष स्थानान्तरण एजेन्टहरू अवैध भएकोले तिनीहरूको प्रयोग नगर्नुहोस्। बैंक र कोष स्थानान्तरण एजेन्टहरूको सूची वित्तीय सेवा विभागको वेबसाइटबाट निश्चित गर्न सकिन्छ।**

(तलको द्वि आयामिक कोड (2D कोड) प्रयोग गरेर पहुँच गर्न सक्नुहुन्छ)

विदेशमा रेमिटेन्स गर्न सकिन्छ वा सकिंदैन र रेमिटेन्स गर्न सकिने देश/क्षेत्रहरू प्रत्येक बैंक र रकम स्थानान्तरण कम्पनी अनुसार फरक पर्छ। विस्तृत जानकारीको लागि कृपया सम्बन्धीत बैंक/कोष स्थानान्तरण एजेन्टलाई सम्पर्क गर्नुहोस्।

# ! सम्पत्ति शुद्धीकरण (मनी लन्डरिङ अपराधिक कार्यद्वारा पैसा कमाउने व्यक्तिको पहिचान लुकाउने काम) गैरकानूनी हो।






! बैंक खाता तथा विदेशमा रकम स्थानान्तरण सम्बन्धमा कुनै समस्या आइपरेमा विद्यालय वा कम्पनीका कर्मचारीसँग सल्लाह गर्नुहोला।

! गैरकानूनी व्यवसायी हो कि होइन निश्चित गर्न नसकेमा,उक्त व्यवसायीको उपयोग नगरिकन,कम्पनी वा विद्यालयका कर्मचारीसँग सल्लाह गर्नुहोला।

! यदि तपाईं केहि गैर कानूनी काम गर्नु हुन्छ भने -जस्तै तपाईंको खाता अरूलाई संचालन गर्न दिने_ तपाईं जापानमा बस्न अयोग्य वा तपाईको जापान प्रवेश निषेध गरिने छ ।

(सेप्टेम्बर 2024 संशोधित)

## वित्तीय सहयोग निकाय(FSA) मा सम्पर्क गर्नका लागि

खुल्ने समय :सोमवार देखि शुक्रबार बिहान१०:००~साँझ५:००)



**वित्तीय सेवा उपयोगकर्ता परामर्श कक्ष ०५७०-०१६८११**
**(आइपी फोन बाट गर्दा ०३-५२५१-६८११)**

* हामी नेपाली भाषामा परामर्श सेवाहरू प्रदान गर्दैनौं, त्यसैले कृपया जापानीको माध्यमबाट हामीलाई सम्पर्क गर्नुहोस्।

**अंग्रेजी वनस्टप सम्पर्क इमेल : equestion@fsa.go.jp**